तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या १०/०७६/०७७ (७५) मितिः २०७६।०९।१० गते ।**

**प्रस्तावहरु :**

१. खुला पोलिथिन मुक्त नगर घोषणा तथा पूर्ण सरसफाई युक्त नगरपालिका घोषणा सम्बन्धमा ।
२. बालमैत्री स्थानीय शासन नगर घोषणा सम्बन्धमा ।
३. भगिनी सम्बन्ध सम्बन्धमा ।
४. नदीजन्य पदार्थको न्यूनतम दर र ढुवानी दररेट तथा कार्यायोजना सम्बन्धमा ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना सम्बन्धमा ।
६. मध्यावधि समीक्षा सम्बन्धमा ।
७. नगरसभाको मिति तय सम्बन्धमा ।
८. ०७७/०७८ को संघीय समपूरक र विशेष अनुदान कार्यक्रमको योजना छनौट सम्बन्धमा
९. नगर विकास समिति गठन सम्बन्धमा ।
१०. खेलकुद विकास समिति गठन सम्बन्धमा ।
११. कर संकलक परिचालन सम्बन्धमा ।
१२. प्राविधिक समितिको निर्णय सम्बन्धमा ।
१३. ISO Certification सम्बन्धमा ।
१४. सडक मर्मत लगायतका योजना सम्बन्धमा ।
१५. विविध ।
   क) टोल विकास संस्थाको विधान संशोधन सम्बन्धमा ।
   ख) केन्द्रिय बार सम्मेलनलाई सहयोग गर्ने सम्बन्धमा ।
   ग) वडा नं.-५ को ज्ञापन पत्र ध्यानाकर्षण सम्बन्धमा ।
   घ) थारु कल्याणकारीणी सभा, तिलोत्तमा व्याडमिन्टन कवर्डहल र रानिबासे पथको बजेट सम्बन्धमा ।
   ङ) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
   च) विद्यालयहरुको यातायात व्यवस्थापन खर्च सम्बन्धमा ।
   छ) तिलोत्तमा लगानी प्रवर्धन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
   ज) बजेट व्यवस्थापन सम्बन्धमा ।
   झ) कलर कोड सम्बन्धमा ।
   ञ) वडा नं.-७ को आमा समूहको जग्गा सिफारिस सम्बन्धमा ।
   ट) जिल्ला समन्वय समितिमा योजना माग गर्ने सम्बन्धमा ।

माधव प्रसाद

वासुदेव घिमिरे

## निर्णयहरु

**निर्णय नं.-१**

- सम्पूर्ण जीवित प्राणीको अस्तित्व वातावरणमा निर्भर रहने हुँदा जैविक विविधताको रक्षा र वातावरणीय सुन्दताको प्रवर्धन गर्न सबैको ध्यानाकर्षण हुनु आवश्यक छ । उक्त विषयलाई मध्यनजर गर्दै तिलोत्तमा नगरपालिका विगत लामो समयदेखि **"ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा"** भन्ने नाराकासाथ नगरको सरसफाईलाई थप उचाईमा पुऱ्याउने लक्ष्य सहित यस नगरपालिकाद्वारा आगामी माघ महिनामा खुला **पोलिथिनमुक्त नगर घोषणा** गर्ने वृहत् कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रमलाई गिनिज बुक अफ वर्ल्ड रेकर्डस कायम गर्ने गरी व्यवस्थित रुपमा सम्पन्न गर्न ग्रीनरी नेपालसँगको साझेदारीमा उक्त संस्थालाई रु.२५ लाख मु.अ.कर बाहेक रकम उपलब्ध गराउने । उक्त कार्यक्रम निर्धारित समयमै सम्पन्न गर्न सर्वपक्षीय सहयोग, समन्वय र सहकार्य समेत आवश्यक पर्ने हुँदा प्रत्येक घरपरिवार, टोल, समुदाय, क्लव, आमा समूह, शैक्षिक संस्था, बैंक, सहकारी तथा वित्तिय संघसंस्था, स्वास्थ्यसँग सम्बद्ध, खानेपानी तथा वन, तिलोत्तमा उद्योग वाणिज्य संघ, तिलोत्तमा उद्योग व्यापार संघ संगठन लगायत सम्पूर्ण सरोकारवाला तथा आम नगरवासीले आ-आफ्नो स्थानबाट सक्रिय रुपमा सहयोग पुऱ्याउने साथै, तिलोत्तमा नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगरपालिका घोषणा गर्न DWASH CC लगायतका सम्बन्धित निकायमा अनुगमनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२**

- बालवालिकाहरुलाई संवैधानिक हक अधिकारको प्रत्याभूति गराई बालमैत्री शासनयुक्त नगरको रुपमा स्थापित हुने ध्येयकासाथ यस नगरपालिकाले आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममा बालमैत्री स्थानीय शासन लागू गर्ने प्रतिवद्धता गरिसकेको हुँदा नगरपालिकाबाट निर्माण गरिने कानून, संरचना, विकासका आयोजना लगायतका सबै क्षेत्रहरुमा बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकासका सूचकहरुलाई लागु गर्दै (चालु आ.व.मा विनियोजित रु.८ लाख र थप रु.२३ लाख गरी कूल रु.३१ लाखको बजेट सिमाभित्र रही मिति २०७७ जेष्ठ ३० गते बालमैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो । साथै, उक्त कार्यक्रमका लागि २०७६/०८/२७ र २८ गते बालमैत्री स्थानीय शासन अवलम्बन सम्बन्धी सबै सरोकारवाला सम्मिलित अभिमुखीकरण कार्यक्रमको अवसरमा प्रस्ताव गरी शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रेषित कार्ययोजना स्वीकृत गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ बमोजिम तपसिल बमोजिमका सदस्यहरु रहेको नगर समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष नगर प्रमुख श्री बासुदेव घिमिरे
सदस्य उप-प्रमुख श्री जगेश्वर देवी चौधरी
सदस्य शिक्षा शाखा प्रमुख
सदस्य स्वास्थ्य शाखा प्रमुख
सदस्य वातावरण शाखा प्रमुख
सदस्य महिला तथा बालवालिका शाखा प्रमुख
सदस्य सामाजिक शाखा प्रमुख

सदस्य  विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री खुम बहादुर थापा
सदस्य  गै.स.स. महासंघ जिल्ला शाखाको प्रतिनिधि
सदस्य  महिला र बालवालिका क्षेत्रबाट  श्री गंगा खरेल
सदस्य  नगर बाल संजाल (१ बालक १ बालिका)
सदस्य  नगरपालिकाले तोकेको महिला तथा बालवालिकाको क्षेत्रबाट श्री मिनाक्षी न्यौपाने
सदस्य  बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत श्री शारदा भट्टराई
सदस्य सचिव   प्रमुख प्रशासकीय अधिकृत
सहजकर्ता श्री चन्दा भुसाल (बालमैत्री स्थानीय शासन सचिवालय सहजिकरण गर्ने)

- सम्पर्क व्यक्तिको लागि सम्झौता बमोजिमको पारिश्रमिक करारमा कार्यरत नगरपालिकाका कर्मचारीको लागि विनियोजित बजेटबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- गुल्मी जिल्लाको मुसिकोट नगरपालिकाको च.नं. १०१५, मिति २०७६/०८/२६ गतेको प्राप्त पत्रानुसार यस नगरपालिकासँग भगिनी सम्बन्ध राख्नका लागि प्रस्ताव पेश भएकोमा दुवै नगरपालिकाको असल अभ्यासका सम्वन्धमा जानकारी आदान प्रदान गर्दै आपसमा सुमधुर सम्बन्ध विस्तारका लागि उक्त नगरपालिकाबाट प्रेषित भगिनी सम्बन्धको प्रस्तावलाई स्वीकार गर्ने निर्णय गरियो । साथै, विकास निर्माण, सेवा प्रवाह, स्रोत परिचालन, आर्थिक विकास लगायतका क्षेत्रमा अनुभव आदान-प्रदान तथा दुवै नगरहरुको सर्वाङ्गिण विकासका लागि सवल पक्ष तथा अवसरहरुको उपयोग र सहयोगका सम्वन्धमा आपसी समन्वयका आधारमा छलफल गरी अगाडि बढ्ने निर्णय गरियो । साथै, उक्त प्रक्रिया अगाडि बढाउन उपयुक्त समय मिलाई कार्यपालिका पदाधिकारी तथा सदस्यहरुले मुसिकोट नगरपालिका गई अनुभव आदान-प्रदान तथा अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- तिलोत्तमा नगरपालिकाको राजश्व अनुगमन समितिबाट सिफारिस भई आएको नगरपालिका क्षेत्रभित्र पर्ने तिनाउ नदी र सुखौरा खोलाको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विक्रि वितरण गर्नका लागि पेश भएको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।
- तिनाउ तथा सुखौरा खोलाको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विक्रि वितरण गर्नका लागि न्यूनतम् दररेट प्रति घनफिट रु.१८ (तिनाउ) र रु.१६ (सुखौरा) कायम गरी ठेक्का पट्टा प्रक्रिया कार्यान्वयन गर्ने सोका अनुमोदनका लागि आगामी २०७६/०९/२७ मा सुरु हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।
- नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विक्रि वितरण गर्ने कार्य योजना अनुसार सेमरी (ख) मा नापजाचँ भएको ५ लाख ४१ हजार १ सय ३८ घनफिट नदिजन्य पदार्थ हाल निर्माण भईरहेको नगरपालिका कार्यालय परिसरमा फिल्ड पुर्ने कार्यमा प्रयोग गर्नका लागि उत्खनन् तथा ढुवानी खर्च बढिमा प्रति घनफिट भ्याट बाहेक रु.८ कायम गरी नियमानुसार ठेक्का प्रक्रियाबाट ओसार पसार गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६४ मिति २०७६/०७/२६ गतेको प्राप्त पत्रानुसार कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा

व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार यस नगरपालिका अन्तरगतका सबै वडा समितिबाट सिफारिस भई रोजगार केन्द्रमा प्राप्त भई मिति २०७६/०८/२५ गतेमा नगर प्रमुख स्तरबाट स्वीकृत गरी मन्त्रालयमा पठाइएका तपसिल वमोजिमका आयोजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| वडा नं.-१ |
|---|
| १) वनवाटिका भित्रका चारवटा पार्क व्यवस्थापन (पुष्पलाल, वि.पि., शहिद र लखन थापा पार्क),<br>२) न्युलाइट उत्तर सरकारी जग्गामा पार्क निर्माण,<br>३) वुद्ध विहार (पार्क निर्माण तथा व्यवस्थापन),<br>४) फुटवल मैदान सरसफाई तथा व्यवस्वथापन,<br>५) सिद्धार्थ राजमार्गको ग्रिनवेल्ट र डिभाइडर व्यवस्थापन,<br>६) प्रगती स्कुलको हाता भित्र पार्क निर्माण तथा व्यवस्थापन,<br>७) सिद्धार्थ आधारभुत स्कुलको हाता भित्र पार्क निर्माण तथा व्यवस्थापन,<br>८) ड्राइभरटोल शान्तिनगर सडक सरसफाई तथा व्यवस्थापन,<br>९) न्युलाइट आरतीचोक सडक सरसफाई तथा व्यवस्थापन,<br>१०) तपाहा लाइन शारदा स्कुल दक्षिण हुदै जाने वाटो सरसफाई तथा व्यवस्थापन,<br>११) शिवचोक प्यारामाउन्ट सडक सरसफाई तथा व्यवस्थापन,<br>१२) शिवचोक प्रेमनगर सडक सरसफाई तथा व्यवस्थापन,<br>१३) हिमचुली पथ दक्षिण नयाँमिल सडक सरसफाई तथा व्यवस्थापन,<br>१४) वुद्ध पथ हुँदै हरियाली मार्ग सम्म सरसफाई तथा व्यवस्थापन,<br>१५) रूरू मार्ग देखी वानिया मार्ग सम्म सरसफाई तथा व्यवस्थापन |
| वडा नं.-२ |
| १) सिद्धार्थ राजमार्गको छ लेनमा सरसफाई,<br>२) वडाभित्र सिचाइ कुलाहरूको मर्मत संम्भार तथा सरसफाई,<br>३) वडा भित्रका विग्रे भत्केका बाटोहरूमा खाल्डाखुल्डी पुर्ने,<br>४) स्वास्थ्य चौकिमा सरसफाई,<br>५) विद्यालय सामुदायिक भवन पशुसेवा कार्यालय सरसफाई,<br>६) वनवाटिका भित्र सरसफाई,<br>७) वडा कार्यालय मर्मत तथा सौचालय निर्माण,<br>८) पशु सेवा कार्यालयमा शौचालय निर्माण |
| वडा नं.-३ |
| १) निर्माणाधिन वडा कार्यालय अगाडि रहेको सार्वजनिक जग्गामा गार्डेन निर्माण गर्ने,<br>२) तोलकान्त भण्डारीको घर देखि स्काइल्याण्ड वोर्डिङ्ग हुदै गंगा खड्काको घरको चोक सम्म छेउमा रहेको सार्वजनिक जग्गामा पार्क र गार्डेन निर्माण गर्ने |
| वडा नं.-४ |
| १) वडा नं. ४ अन्तर्गत भित्री कच्चि बाटोहरूको मर्मत संभार,<br>२) वडा नं. ४ अन्तर्गत सिचाइ कुलाहरूको मर्मत संभार, |

| |
|---|
| ३) वडा नं. ४ अन्तर्गत तिनाउ उभार क्षेत्रमा पार्क निर्माण |
| **वडा नं.-५** |
| १) वडा भित्र पर्ने सिद्धार्थ राजमार्गको ६ लेन सडक मर्मत र हरियाली प्रवर्धन,<br>२) वडा भित्र पर्ने बुद्ध सर्किट सडक मर्मत संभार र सडकको साइडमा हरियाली प्रवर्धन गर्ने। |
| **वडा नं.-६** |
| १) मधुवन सिचाइ आयोजना पाइपलाइन विस्तार,<br>२) आनन्दवन मधुवन सिचाइ कुलो मर्मत,<br>३) वडा भित्र झाडी नर्कट सफा गर्ने विरूवा रोप्ने, हरियाली प्रवर्धन गर्ने। |
| **वडा नं.-७** |
| १) ६ लेन सडकमा हरियाली प्रवर्धन कार्यक्रम संचालन |
| **वडा नं.-८** |
| १) करहिया सामुदायिक वन भित्र क्रियापुत्री वस्ने ट्रस्ट निर्माण,<br>२) बुद्ध परिक्रमा रोडमा सरसफाई तथा मर्मत,<br>३) वडा भित्र खानेपानी योजनाको लागि पाइप पुर्ने कार्य |
| **वडा नं.-९** |
| १) तिलोत्तमा नगरपालिका वडा नं. ९ अन्तर्गत पर्ने सार्वजनिक जग्गा, सार्वजनिक तथा धार्मिक स्थलमा वृक्षारोपण तथा हरियाली गर्ने एवं मर्मत सम्भार गर्ने,<br>२) मुख्य भित्री सडकको दुवै छेउमा हरियाली तथा वृक्षारोपण गर्ने |
| **वडा नं.-१०** |
| १) वडा नं. १० भित्रको सिचाइ आयोजना,<br>२) सेमरा बजार स्वास्थ्य चौकी भित्र बगैचा निर्माण,<br>३) जनहित मा. वि. मा वृक्षारोपण, फूलवारी वनाउने,<br>४) सार्वजनिक शौचालय निर्माण कान्छिबजार |
| **वडा नं.-११** |
| १) मन्द्राहानी देखि मृगौली गाँउसम्म जोड्ने सडक मर्मत,<br>२) चौकि डाँडा हुँदै सखुइ वाटो मर्मत,<br>३) गणेश नगरको १० बिघा सार्वजनिक जग्गामा लगाइएको बोट बिरूवाको संरक्षण फलफूलको विरूवा लगाउने र बोटविरूवा संरक्षण गर्न थप वृक्षारोपण गर्ने,<br>४) भु. पु. सैनिक मा. वि. मा ग्याभिङ्ग तार जालि लगाउने, पर्खाल वनाउने,<br>५) भु. पु. सैनिक मा. वि. मा १० विघा जग्गामा लगाइएका बोट विरूवाहरूको हेरचाह र संरक्षण गर्ने, |
| **वडा नं.-१२** |
| १) वडा नं. १२ कार्यालय परिसरमा फूलवारी तथा बगैचा निर्माण,<br>२) जिर्ण सडक मर्मत,<br>३) कोटियामाइ आधारभूत विद्यालयमा फूलवारी निर्माण,<br>४) सरस्वती आधारभूत विद्यालयमा फूलवारी निर्माण,<br>५) जनता मा. वि. मा फूलवारी निर्माण |

| |
|---|
| वडा नं.-१३ |
| १) वडा नं. १३ भित्र पर्ने सडक तथा नालीहरूको मर्मत संभार |
| वडा नं.-१४ |
| १) वाग्धुरा देविनगर नरसिंहगढ रेहरा सिंचाइ कुलो निर्माण,<br>२) टिकुलिगढ सडक मर्मत |
| वडा नं.-१५ |
| १) वडा भित्रका विभिन्न सडक तथा नाली मर्मत संभार |
| वडा नं.-१६ |
| १) नव निर्मित वडा भवन परिसरमा बँगैचा तथा फुलवारी निर्माण।<br>२) नव निर्मित वडा भवन परिसरमा पदमार्ग वाटो निर्माण तथा माटो फिलिङ |
| वडा नं.-१७ |
| १) अमरहवा सामुदायिक भवनमा खानेपानी तथा शौचालय निर्माण,<br>२) वि. पि. ग्राम स्वा. सेवा केन्द्र सरसफाई तथा बोट विरूवा गोडमेल,<br>३) पिपरहिया बाध निर्माण र ठठरिया पोखरी सरसफाई,<br>४) बरौलिया डाँडामा सिंचाइको लागि कुलो निर्माण,<br>५) शान्ती हाटबजार परिसरमा बोट विरूवा गोडमेल तथा सरसफाई। |

**निर्णय नं.-६**

- स्थानीय तहको निर्वाचन पश्चात् यस नगरपालिकामा जनप्रतिनिधिहरुले पद वहाली गरेको साढे दुई वर्ष (३० महिना) पुगेको अवसरमा यही पौष २१ गते बिहान ११:३० बजे ड्राइभरटोल स्थित होटल टुलिप प्रा.लि.को सभाहलमा हाल सम्मको कार्य प्रगतिको संक्षिप्त विवरण समेटेर प्रकाशित पुस्तिका नगरसभा सदस्यहरु, राजनीतिक दलहरु र पूर्व प्रशासकहरु, कर्मचारीहरु, नगरको विकाससँग सम्वन्धित साझेदार एवम् सरोकारवालाहरु सम्मिलित एक समारोह बीच सार्वजनिक गर्ने र सरोकारवालाहरुवाट सल्लाह सुझाव ग्रहण गर्दै आगामी दिनमा नगरबाट प्रवाह गरिने सेवामा थप सुधार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.-७**

- आ.व. २०७६/०७७ को मध्यावधिको समीक्षा, योजना परिवर्तन, रकमान्तर, पूरक बजेट प्रस्तुती, ऐतिहासिक तिलोत्तमा लगानी सम्मेलन-२०७६ को समीक्षा, आवश्यक कानूनहरुको निर्माण एवम् संशोधन लगायतका विषयमा छलफल एवम् निर्णय गर्नको लागि मिति २०७६/०९/२७ गते दिनको १:०० बजे तिलोत्तमा नगरपालिकाको हलमा छैठौं नगरसभा (पहिलो बैठक) आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.-८**

संघीय सरकारद्वारा ०७७/०८८ को संघीय समपूरक र विशेष अनुदान कार्यक्रमका लागि देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| समपूरक अनुदान : | | |
|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १ | तिलोत्तमा सिटी कलेज | ति.न.पा.-१४ |
| २ | वडा कार्यालय भवनहरु निर्माण | वडा नं. १, ४ र १० |
| ३ | ड्राइभरटोल प्रहरी चौकी भवन् | |
| ४ | सिमानगर खेलकुद मैदान | |
| ५ | बरौलिया डङ्गरहवा सडक पक्की | |
| ६ | मुडियारी जहदा सडक पक्की | |
| ७ | विष्णुपुर १० नम्बर १२ नं. हुँदै पश्चिम पहुनी जाने सडक | |
| | | |
| ८ | वि.पि.पथ कालोपत्रे | वडा नं.-६ |
| विशेष अनुदान | | |
| १ | भलवारी कृषि सेवा केन्द्र | वडा नं.-७ |
| २ | करैया स्वास्थ्य चौकी | वडा नं.-८ |
| ३ | संस्कृत क्याम्पसको छात्रवास | वडा नं.- ५ |
| ४ | संझना बाल उद्यान | वडा नं.-९ |
| ५ | समानता सामुदायिक भवन | वडा नं.-७ |
| ६ | संस्कृत पञ्चायङ्क मन्दिरको सभाहल | वडा नं.-५ |
| ७ | गौतमवुद्ध कवर्ड हल | वडा नं.-९ |
| ८ | मुढाबाबा सभाहल | वडा नं.- ६ |
| ९ | हाटबजारहरु सेमरा, भलवारी | वडा नं.-७ |
| १० | शिवपुर सामुदायिक भवन | वडा नं.-११ |
| ११ | शंकरनगर बनबाटीका जाने बाटो | वडा नं.-१, २ |
| १२ | उमा आधारभूत विद्यालय भवन | वडा नं.-६ |
| १३ | तिलोत्तमा खेलकुद मैदान | वडा नं.-६ |
| १४ | कानपारा क्रिकेट मैदान | वडा नं.-१७ |
| १५ | ज्योती नगर क्रिकेट मैदान | वडा नं.-८ |
| १६ | कोटीहवा खेल मैदान | वडा नं.-१५ |
| १७ | जनज्योती क्लव खेलकुद मैदान | वडा नं.-४ |
| १८ | चपरघट्ट खेलकुद मैदान | वडा नं.-१ |
| १९ | झल्लेरी खेलकुद मैदान | |
| २० | ढाक्रेवास खेलकुद मैदान | वडा नं.-११ |
| २१ | टिकुलीगढ खेलकुद मैदान | वडा नं.-१४ |
| २२ | बाँसघारी खेलकुद मैदान | वडा नं.-६ |

निर्णय नं.-९

- नगर विकास ऐन, २०४५ परिच्छेद १ दफा ३ को उपदफा ४.१ (संशोधन २०७५) को व्यवस्था अनुसार नगर क्षेत्र भित्र तिव्र जनसंख्या वृद्धिदर तथा सहरीकरणको परिप्रेक्षमा नगरक्षेत्रको व्यवस्थित विस्तार तथा सन्तुलित विकास गरी नगरवासिहरुलाई एकीकृत रुपमा स्वास्थ्य, शिक्षा, सडक, यातायात, विजुली लगायतका सुविधा पुऱ्याउन एवम् आर्थिक हित कायम राख्न नयाँ क्षेत्रमा बस्ती विकास र विस्तार गर्न, भू-उपयोग एवम् पूर्वाधार क्षेत्र निर्धारण गर्न सघाउन, भौतिक विकासको मापदण्ड तोक्न सघाउन तिलोत्तमा नगरपालिकाको प्रतिष्ठा र गरिमालाई थप उचाईमा पुऱ्याउन राय, सल्लाह तथा सुझाव लिनको लागि देहायका सदस्यहरु रहेको **नगर विकास समिति** गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| अध्यक्ष | श्री बासुदेव घिमिरे नगर प्रमुख |
| सदस्य | श्री जगेश्वर देवी चौधरी उप-प्रमुख |
| सदस्य | श्री दधिराम गौतम कार्यपालिका सदस्य |
| सदस्य | श्री व्यासमुन थारु कार्यपालिका सदस्य |
| सदस्य | श्री सरिता श्रीस |
| सदस्य | श्री लक्ष्मण खनाल |
| सदस्य | जिल्ला समन्वय समितिको प्रमुखले तोकेको प्रतिनिधि १ जना |
| सदस्य | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जि.प्र.का. प्रतिनिधि १ जना |
| सदस्य | वन भूमी तथा नापी सम्वन्धी स्थानीय तह वा जिल्ला स्थित कार्यालयका प्रतिनिधि १/१जना |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

- समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं.-१०

- तिलोत्तमा नगरपालिकाको **"नगर खेलकुद विकास समिति संचालन कार्यविधि, २०७६"** को परिच्छेद ३ को दफा (३) अनुसार देहायका सदस्यहरु रहेको (१५ सदस्यीय) **खेलकुद विकास समिति** गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री राजेन्द्र गुरुङ्ग (वडा नं.-१४) |
| सदस्य | श्री मिलन राना (वडा नं.-१) |
| सदस्य | श्री प्रेम घर्ती मगर (वडा नं.-७) |
| सदस्य | श्री मित्रलाल न्यौपाने (वडा नं.-४) |
| सदस्य | श्री दिलु थापा (वडा नं.-१७ ) |
| सदस्य | श्री लोक पुन(वडा नं.-६) |
| सदस्य | श्री किशोर पन्थी (वडा नं.-७) |
| सदस्य | श्री केशव चौधरी (वडा नं.-१६) |
| सदस्य | श्री दिपक खनाल (वडा नं.-८) |
| सदस्य | श्री रुद्र थापा (सेमरा बजार मा.वि. वडा नं-७) |
| सदस्य | श्री श्रीराम नेपाली (प्यारामाउण्ट उच्च मा.वि. वडा नं.-१) |
| सदस्य | शिक्षा शाखाको शाखा अधिकृत |

निर्णय नं.-११

- नगरपालिकाको आन्तरिक राजश्वमा वृद्धि गरी चालु आ.व.को लक्ष्य प्राप्तिका लागि समयमै वडा समितिको सिफारिसमा गत वर्षकै सेवा सर्त बमोजिम ज्यालादारीमा कर संकलक खटाई माघ महिनाको प्रारम्भ देखि निजहरुलाई परिचालन गरी कर संकलन अभियान संचालन गर्ने साथै, गत वर्षको (कर संकलक) हरुको भुक्तानी हुन बाँकी पारिश्रमिक रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-१२

घरनक्सा शाखाबाट प्रेषित् यस नगरपालिकाको सडक तथा भवन मापदण्ड निर्माण समितिको मिति २०७६/०८/०३ गतेको बैठकका देहायका निर्णयहरु अनुमोदन गरियो ।

- नक्सा र फिल्डमा बाटो नमिलेको खण्डमा बाटोको चौडाइ नक्सामा बढी रहेको तर फिल्डमा बाटोको चौडाई कम रहेको साथै संधियार तर्फको दायाँ र बायाँको जग्गाको क्षेत्रफल, पूर्जा, नक्सा अनुसारनै रहेको खण्डमा नक्सामा बढी देखिएको बाटो भएको खण्डमा दायाँ र वायाँ साध सँधियारको साथै साविक जग्गाको नक्सा अनुसार जग्गा पूर्जामा भए अनुसार एकिन गरी फिल्डको बाटोलाई नै आधार मानी प्रक्रिया अगाडि बढाउने सिफारिस सहित निर्णय गरियो ।
- घरले चर्चेको मोहडा नापी नक्सा भन्दा कम रहेकोमा साविक पलट यकिन गरी सधियारको जग्गा पुगेको अवस्थामा सम्बन्धित जग्गा कुनै बाटो वा कूलोबाट नापजाँच गरी जग्गा धनी पूर्जाको क्षेत्रफल अनुसार नक्सा पास प्रक्रिया अगाडि बढाउन सिफारिस गर्ने । साथै, सधियारको मन्जुरीनामा अनिवार्य हुनुपर्ने सिफारिस सहित निर्णय गरियो ।
- नक्सा र फिल्डमा कूलो/नाला फरक स्थानमा रहेको खण्डमा हाल साविक भए पश्चात मात्र नक्सा प्रक्रिया अगाडि बढाउने सिफारिस सहित निर्णय गरियो ।
- घर संरचना आफ्नै श्रेस्ताको जग्गामा रहेको तर आफ्नो श्रेस्ताको जग्गा र फिल्डमा अवस्थित बाटोको बीचमा वढीमा २० फुट ऐलानी जग्गा रहेमा सो जग्गालाई बाटोमा राखी कार्य अगाडि बढाउने सिफारिस सहित निर्णय गरियो ।
- जग्गा धनी प्रमाणपत्रमा क्षेत्रफल कम रहेको र नापी नक्सा तथा फिल्डमा जग्गा बराबर रहेको सम्बन्धमा साविकको नक्सा अनुसार वढी भएको जग्गा बाटोतर्फ राखी कार्य अगाडि बढाउन सिफारिस गर्ने सिफारिस सहित निर्णय गरियो ।
- जग्गाको अगाडि पछाडि बाटो रहेको साथै बाटो बीचको जग्गा पूर्जा र नक्सामा भन्दा बढी रहेको अवस्थामा घर निर्माणको आधार सम्बन्धमा भौगोलिक अवस्था हेरी कार्य प्रक्रिया अगाडि बढाउने सिफारिस सहित निर्णय गरियो ।

निर्णय नं.-१३

- यस नगरपालिकाबाट प्रवाह हुने सेवा र सम्पादित कामको तोकिएका सूचना र मापदण्डका आधारमा आवश्यक अध्ययन गरी ISO Certificate दिलाउन चरणवद्ध रुपमा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.-१४

- सडक मर्मत सम्वन्धमा छलफल हुँदा प्राविधिक समितिबाट उपलब्ध स्रोत र छलफलका लागि पेश भएका योजनाहरुको सम्वन्धमा थप गृहकार्य आवश्यक देखिइकोले प्राविधिक समितिलाई पुनः विश्लेषण गर्न लगाई अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (क)

- टोल विकास संस्था संचालन कार्यविधि, २०७४ लाई देहाय अनुसार संशोधन गरियो ।

| साविकको व्यवस्था | संशोधन पछिको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि दुई वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएकमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ । कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | दुई वर्षे कार्यकाल छोटो रहेकाले संस्थामा रहेका व्यक्तिहरुको अनुभव भरपुर उपयोग गर्ने समयावधि कम भएकाले । |

साथै, संचालन अनुदान वापत पेश्की स्वरुप टोल विकास संस्थामा संलग्न घरधुरी, सिर्जनशीलता र क्रियाशिलताको आधारमा टोल विकास संस्थाहरुलाई विनियोजित रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (ख)

- नेपाल बार एशोसिएशन मानव अधिकार राष्ट्रिय गोष्ठी नेपालका सम्पूर्ण कानून व्यवसायीहरुको सहभागीतामा मिति २०७६ साल मंसिर २४ र २५ गते बुटवलमा सम्पन्न भएको र उक्त

कार्यक्रमका लागि मिति २०७६/०७/२८ गतको आर्थिक सहयोग माग भै आएकोमा रु.२ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-१५ विविध (ग)**

- तिलोत्तमा नगरपालिकाको वडा नं.-५, तुल्सिपुर कुला समिति वडा नं.-९ ले सार्वजनिक जग्गाको संरक्षणका लागि पेश गरेको ज्ञापनपत्रका सम्बन्धमा जानकारी लिइयो ।

**निर्णय नं.-१५ विविध (घ)**

- तिलोत्तमा नगरपालिकाको वडा नं.-१० स्थित थारु कल्याणकारी भवन निर्माणका लागि चालु आ.व.मा रु.१५ लाख, तिलोत्तमा व्याडमिन्टन कवर्ड हल पूवाधार तथा ट्रस निर्माणको लागि रु.१५ लाख र वडा नं.-२ स्थित रानिबासे पथको लागि रु.१५ लाख विनियोजन भएकोमा उक्त योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.-१५ विविध (ङ)**

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका योजना, प्रदेश शशर्त अनुदानका योजना र तराई मधेश समृद्धि कार्यक्रम अन्तरगतका विद्यालयको भवन निर्माण बाहेकका अन्य योजना नगरपालिकाको योजना संचालन कार्यविधि अनुसार उपभोक्ता समिति मार्फत निर्माणकार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.-१५ विविध (च)**

- आ.व. २०७६/०७७ को स्वीकृत नगर विकास योजना सामाजिक विकास शिक्षा २०,२०१० शीर्षकको शि.नं. १ सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माण अनुदानबाट तपसिलमा उल्लेखित विद्यालयहरुलाई भौतिक पूर्वाधार विकासमा विनियोजन गरिएको निम्नानुसारको रकम सम्बन्धित विद्यालयहरुको माग तथा सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार सम्बन्धित विद्यालयहरुले नै यातायात व्यवस्थापनमा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | विद्यालयको नाम | उपलब्ध रकम | रकमान्तर रकम |
|---|---|---|---|
| १ | श्री पश्चिम पहुनी मा.वि. | ५,०००००।०० | ५,०००००।०० |
| २ | श्री जनभावना मा.वि. | ३,०००००।०० | ३,०००००।०० |
| ३ | श्री भुल्के मा.वि. | ३,०००००।०० | ३,०००००।०० |

**निर्णय नं.-१५ विविध (छ)**

तिलोत्तमा लगानी प्रवर्धन समितिको मिति २०७६/०८/२२ गतेको बैठकका देहायका निर्णयहरु अनुमोदन गरियो ।

- तिलोत्तमा लगानी सम्मेलनमा आशयपत्र पेश भएका तथा लगानीका लागि आवेदन पेश गरेका उद्योगी/व्यवसायी तथा लगानीकर्ताहरुलाई उनिहरुले संचालन गर्ने उद्योग तथा व्यवसायको विस्तृत परियोजना पेश गर्नको निम्ति पत्राचार गर्ने ।
- नगरपालिकाले उद्योग संचालनको लागि उपलब्ध गराउने जग्गामा भएको प्राकृतिक श्रोत साधन (ढुङ्गा, माटो, गिटी, बालुवा लगायत) ओसार पसार एवम् बेचबिखन गर्न पाइने छैन ।

उपलब्ध जग्गामा उद्योग संचालनका लागि आवश्यक संरचना निर्माण गर्दा प्राकृतिक श्रोत साधनको दोहन हुने गरी गर्न पाइने छैन ।

- नगरपालिका क्षेत्र भित्र संचालन हुने उद्योगका लागि सम्बन्धित उद्योगी/व्यवसायीले नगरपालिका समक्ष माग गरेमा उक्त उद्योग संचालन हुने स्थान पुग्ने बाटो तथा सडकको लागि ग्राभेल गर्ने कार्यको लागि नगरपालिकाले सहयोग गर्ने तथा विद्युत विस्तार तथा खानेपानी लगायतका सुविधाको लागि नगरपालिका कार्यालयले सम्बन्धित निकायसँगको समन्वय, सिफारिस लगायतका प्रक्रियामा सहजिकरण गरिदिने ।
- Smart A.c.c. Nepal Pvt.ltd.ले आफ्नो उद्योग संचालनार्थ जग्गा उपलब्ध गराई पाउँ भनि Business plan सहित माग पेश गरेकोमा तिलोत्तमा नगरपालिका वडा नं.-१३ मा ३ विगाहा जग्गा लिजमा उपलब्ध गराउने तथा तिलोत्तमा दुग्ध प्रशोधन केन्द्र निर्माण कार्यको लागि ति.न.पा.-६ मा ३ विगाहा जग्गा लिजमा उपलब्ध गराउने निर्णय गरियो । साथै, सो जग्गा उपलब्ध गराउने प्रक्रियाको लागि कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने र सोही अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।
- तिलोत्तमा रेलवे संचालानार्थ प्रयोजनको लागि प्रस्तावित तिलोत्तमा रिङ्गरोडमा रेलवे संचालनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१५ विविध (ज)**

- चालु आ.व.को लागि बजेट प्रस्तुत हुँदा गत वर्षको अ.ल्या. शीर्षकमा अनुमानित रकम बास्तविक भन्दा फरक भई बचत हुन आउने रकम समावेश गरी कूल बजेट कायम गरी उक्त रकमबाट देहाय बमोजिमका शीर्षकहरुमा देहाय बमोजिम रकम विनियोजन गरी आगामी नगरसभामा पूरक बजेटको रुपमा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | रकमान्तर शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | परामर्श सेवा शिर्षकमा रकमान्तर | ४५००००० | |
| २ | लगानी सम्मेलन | २८००००० | |
| ३ | अघिल्लो वर्षको भुक्तानी बाँकी | ७९००००० | |
| ४ | युवा स्वरोजगार कार्यक्रम | १००००००० | |
| ५ | दुग्ध अनुदान नपुग रकम | १३००००० | कृषि शाखा बाट पेश भए बमोजिम |
| ६ | गहुँको बीउ अनुदान नपुग रकम | १३००००० | कृषि शाखा बाट पेश भए बमोजिम |
| ७ | हाट बजार ठेक्का फिर्ता (फिर्ता खर्च) नपुग रकम | २०००००० | |
| ८ | करार कर्मचारी तलब (नयाँ भर्ना सहित) | ५००००० | |
| ९ | अन्य संघ संस्थासँग साझेदारी कार्यक्रम | ३००००० | |
| १० | विद्यालय दिवा खाजा कार्यक्रम | ३५००००० | शिक्षा शाखा बाट पेश भए बमोजिम |
| ११ | शैक्षिक संस्था हरुमा पूर्वाधार निर्माण तथा प्रशासनिक खर्च | १३००००० | |

| | | | |
|---|---|---|---|
| १२ | बालमैत्री स्थानीय शासन नपुग खर्च | २३००००० | |
| १३ | विविध | ३०,००,००० | |
| जम्मा | | ४७९००००० | |

निर्णय नं.-१५ विविध (झ)

- कार्यपालिका बैठक संख्या ५५ मिति २०७५/१०/१० गतेको निर्णय नं. ८ मा थप संशोधन गरी होटल, हस्पिटल, बैंक तथा वित्तिय संस्था संचालन लगायतका Franchise भित्र पर्ने भवनहरुको हकमा उनिहरुकै छनौट/माग अनुसारको कलर प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (ञ)

- ति.न.पा. वडा नं.-७ को वडा समितिको सिफारिस बमोजिम सोही वडाको सेमरा डाँडामा रहेको स्मृती आमा समूहलाई अन्दाजी १६ (सोह्र) धुर सार्वजनिक जग्गा भवन निर्माण प्रयोजनार्थ सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (ट)

- जिल्ला समन्वय समिति रुपन्देहीको मौजाद कोष संचालन निर्देशिका २०७५ बमोजिम संचालन गर्नको लागि देहायका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | आयोजना स्थान |
|---|---|---|
| १ | मुख्य प्रशासनिक भवन | वडा नं.-६ कुन्जलापुर रुपन्देही |
| २ | वडा कार्यालय भवन | वडा न.-८, ९, ११, १३ र १६ |
| ३ | शहरी स्वास्थ्य केन्द्रको भवन | वाड नं.-७, दहल्का, रुपन्देही |

माथि उल्लेखित योजनाहरु रहेको स्थानमा विगत देखि नै नगरपालिकाले भोगचलन गर्दै आएको र उक्त जग्गाहरुमा कुनै किसिमको विवाद नरहेकोले यस नगरपालिकाबाट न्यूनतम् ४० प्रतिशत लागत सहभागिता नघट्ने प्रतिवद्धता सहित जिल्ला समन्वय समितिबाट रकम माग गर्ने निर्णय गरियो ।

वासुदेव [illegible]
नगर प्रमुख